इन्द्रसरोवरको आवधिक योजना तर्जुमा नगरकोटमा। पृष्ठ ५ मा


प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७२९५०७२
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१३, ● अंक-३७ ● २०७७ चैत्र १६ गते सोमबार, ● 29 March. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## यसपालि दामनमा गुराँस फुलेन



◆ विकास संवाददाता

जलवायु परिवर्तन र मानवीय लापरवाहीका कारण यस वर्ष दामन सिमभन्ज्याङ क्षेत्रमा प्राकृतिक फूल र फल फुल्न तथा फल्न नपाएपछि वसन्त ऋतुको आभाष हुनसकेको छैन । यी क्षेत्रका जङ्गलमा न लालीगुराँस फुलेको छ न चुत्रो, ऐँसेलुजस्ता यस याममा फल्ने वनफल नै फलेका छन् ।

यतिबेला मकवानपुरका विभिन्न क्षेत्रमा लालीगुराँस फुलेर रमणीयस्थल बन्ने समय हो तर यस वर्ष लालीगुराँस फुल्ने मौसम सुरू भए पनि नफुल्दा न प्रकृति सुन्दर देखिएको छ, न त पर्यटकको चहलपहल नै सुरू भएको छ । जिल्लाका दामन, सिमभनज्याङ, टिष्टुङ, आग्रालगायतका क्षेत्रमा रहेका जङ्गलमा फुलेका गुराँससँग रमाउन र फोटो खिचाउन जाने आन्तरिक तथा बाह्य पर्यटकले चहलपहल बढ्ने गर्दथ्यो ।

फागुन र चैत महिनामा गुराँस फुल्ने समयमा पनि नफुल्दा चहलपहल नभएको हो । धार्मिक तथा पर्यटकीय महत्वसँग जोडिएको दामन सिमभनज्याङ, आग्राको घलेपाखा, अघोर फिरघारी क्षेत्रमा यतिबेला लालीगुराँस फुलेर राताम्मै हुने गर्दथ्यो । यी क्षेत्रमा ठूला र सुक्न लागेका लालीगुराँसका बोट भएकाले पनि फुल्न छाडेको स्थानीय बासिन्दाहरूले बताएका छन् । त्यसोतः कुनै वर्ष राताम्मे हुने कहिले फुल्दै नफुल्ने गराँसको परम्परागत अवस्था भोगेको दामनका सुरथ अधिकारी बताउँछन् ।

त्यस्तै नयाँ बोटबारे चासो नदिनुले पनि लालीगुराँसमा संरक्षणको अभाव खट्किएको अधिकारीले बताए । यो समयमा लालीगुराँस फुलेर राताम्मे बन्ने दामन सिमभन्ज्याङ क्षेत्र के नपुगे-नपेगे जस्तो देखिन्छ । यस वर्ष हिउँदमा पानी नपरेकाले लालीगुराँस कम फुलेको उनको भनाइ छ । यस वर्ष फुलेका लालीगुराँस पनि साना कोपिला रहेको उनको कथन छ । भौगोलिक उचाइगत विविधताले ठूलो घना जङ्गल रहेको यस क्षेत्रमा ऐँसेलु, चुत्रो, डिम्मर, मजिठो, सतुवा, नागबेलीसहित थुप्रै प्रजातिका जडीबुटी रहेको वनस्पती उद्यान दामनको तथ्याङ्कमा उल्लेख छ ।

## चित्लाङ-चन्द्रागिरि सडक वैशाख भित्रै खुल्ने

विकास संवाददाता
थाहा नगर

पर्यटकीय नगरी थाहालाई छोटो दुरीमा काठमाण्डौं जोड्ने नाका 'चित्लाङ-थानकोट सडक' पुरापुर खुलाउने कार्यका लागि निर्माण कार्यलाई तिब्रता दिइएको छ । पर्यटकहरूलाई छोटो दुरीमा काठमाण्डौंबाट नगर भित्र्याउने बहुचर्चित सडक चित्लाङ-थानकोट (गणेशमान मार्ग) सडक २०७८ वैशाख भित्रमा खुलाइसक्ने गरी कार्य भैरहेको चित्लाङका पर्यटन व्यवसायी राम शरण नेपालले बताए । उक्त सडक तीन वर्षअघिबाट फराकिलो बनाउने योजनासहित निर्माण कार्य थालिएको हो ।

सडकको ठेकेदार कम्पनी किरातेश्वर कन्ट्रक्सनले वि.सं. २०७४ मंसिरदेखि नै गणेशमान मार्गको निर्माण थालेको हो । सडक निर्माण थालिएपछि स्थानीयले मात्रै नभइ चित्लाङ घुम्न आउने पर्यटकले समेत घुमाउरो बाटोबाट यात्रा गर्नुपर्ने बाध्यता भएको छ । निर्माण थालिएको लामो समयसम्म पनि सडक निर्माण प्रक्रिया सम्पन्न हुन नसक्दा दक्षिणकालीबाट फाखेल तथा सिस्नेरी वा नौबिसे हुँदै कुन्छालबाट चित्लाङ पुग्नुपर्ने बाध्यता रहेको छ ।

चित्लाङ थानकोट सडक जति स्तरीकरण हुँदै जान्छ पर्यटक भित्र्याउन सजिलो हुने व्यवसायी नेपालको भनाइ छ । पर्यटकमैत्री होटल रिसोर्ट तथा होमस्टेहरू हुँदाहुँदै पनि पर्यटक भित्रने नाकाको सडक नखुल्दा व्यवशायीहरूले व्यवशायमा धक्का महशुस गर्दै आएका छन् । थाहानगरमा पर्यटकीय पूर्वाधार विकास भइरहेको बताउँदै आउने-जाने सहज बाटो नभएकै कारण यहाँको पर्यटकीय प्रडक्टले बजार लिन नसकको नगर प्रमुख लवशेर विष्टले बताए । उनले भने-'चित्लाङ चन्द्रागिरी बाटोलाई थप

बाँकी पेज ४ मा



फोटो: गणेश विष्ट

### अवरोध गर्दैनौं: चन्द्रागिरि नगरपालिका

चित्लाङ-थानकोट सडक (गणेशमान सिंह राजमार्ग) को स्तरीकरण तथा निर्माण कार्यमा चन्द्रागिरि नगरपालिकाले अवरोध नगर्ने खुलाएको छ ।

सडक स्तरीकरण गर्ने क्रममा स्थानीयहरूले फागुनको अन्तिम साता विभिन्न माग राखेर अवरोध गर्न थालेपछि थाहानगरबासीले चन्द्रागिरि नगरपालिकामा कारण देखाउन भन्दै दबाब दिएको थियो । खास गरेर चित्लाङका पर्यटन व्यवसायीलगायतले पालिकामा दवाव दिएपछि चन्द्रागिरिले घुमाउरो शैलीमा अवरोध नहुने आशयको सूचना प्रकाशन गरेको हो ।

चित्लाङ-थानकोट खडक खण्डको पानीघाटदेखि देउराली डाँडासम्मको बाटो निर्माण गर्दा निश्किएको ढुङ्गा, माटो, ग्राभेल र गिटि ओसापसारको राजश्वबाट सम्बन्धीत वडाको विकासमा खर्च गर्ने सूचनामै खुलाएको छ ।

सडक पुर्वाधार शुल्कबाट उठेको र कम मध्येबाट हुन आउने २० प्रतिशत रकम सम्बन्धीत वडा कार्यालयको सिफारिसमा सडक, वन, खानेपानी, पहिरो र विपद व्यवस्थापनमा खर्च गर्न पाउने निर्णय पालिकाको छ । पालिकाको ८ चैतमा बसेको कार्यपालिका बैठकले यस्तो निर्णय गरेको हो ।


## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

**समानता स्वतन्त्रता र न्यायका लागि आफ्नो अधिकारप्रति सजग र सचेत होऔं ।**

नेपाल सरकार
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
सूचना तथा प्रशारण विभाग

# सम्पादकीय

## भाषा संरक्षणको दायित्व

मुलुकमा समावेशी समानुपातिक एजेण्डा स्थापित भएको छ । यसको मूल मर्म राज्यको मूलधारबाट बञ्चित गरिएका समुदायको अधिकार स्थापित गर्दै उनीहलाई मूलधारमा ल्याउनु हो। कतिपय जाति समुदाय राज्यको मूलधारको सेवा सुविधा पाउनबाट बञ्चित छन् भने कतिपय समुदायमा संरक्षणकै खाँचो हुन थालिसकेको छ। तीमध्ये एउटा कुसुण्डा समुदाय हो, जसको भाषा संरक्षण निकै जरुरी भइसकेको छ। भाषा आयोगको पहलमा कुसुण्डा भाषाको अध्ययन पनि गरिएको थियो। अहिले आयोगकै पहलमा भाषा कक्षा सञ्चालन भइरहेको छ, यसलाई सम्बन्धित स्थानीय तहहले आधारभूत दायित्वकै पमा लिएर अघि बढाउनु जरुरी छ। त्यति मात्र होइन, यस्ता अन्य लोपोन्मुख भाषाको संरक्षण जरुरी भइसकेको छ।

नेपाल बहुभाषिक मुलुक हो । जनगणना २०६८ अनुसार नेपालमा एक सय २३ वटा भाषा बोलिने गरेकोमा यो संख्या अहिले एक सय ३१ पुगेको छ। भाषा आयोगको प्रतिवेदनअनुसार २०७६/७७ अनुसार पछिल्लो जनगणनायता आठवटा भाषा थपिएका छन् । आगामी वर्ष हुने जनगणनाबाट यसको पूर्ण विवरण आउने नै छ। भाषा आयोगको २०७५/०७६ को अध्ययन प्रतिवेदन अनुसार छवटा भाषा थपिएका थिए भने यो वर्ष दुईवटा थपिएका छन्। यसरी हेर्दा नेपालमा भाषाको संख्या थपिने क्रम जारी नै छ। यो पनि राजनीतिक जागरणको परिणाम नै हो। यसअघि निश्चित जाति, भाषा, धर्म र संस्कृतिले मात्रै राष्ट्रिय मान्यता पाउने गरेकोमा पछिल्लो समय सबै क्षेत्रमा पहिचानको जागरण आएसँगै भाषाको क्षेत्रमा पनि पुनर्जागरण आएको छ। यसलाई अझै बढाउनुपर्ने जरुरी छ।नेपालको संविधान २०७२ ले भाषासम्बन्धी स्पष्ट ब्यवस्था गरेको छ, अब सबै समुदायका भाषा राष्ट्र भाषा हुन्। संविधानको धारा( ७ (१)मा 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुने' र (२) मा 'नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ' भन्ने उल्लेख छ। नेपाली भाषा सरकारी कामकाजको भाषा भए पनि कुनै भाषाको बाहुल्यता रहेको प्रदेशमा सम्बन्धित पालिकाको पहल र प्रदेश कानुनको आधारमा सो भाषा पनि सरकारी कामकाजको भाषा हुनसक्ने सवैधानिक सुनिश्चिततासँगै सबै भाषाभाषीले महत्व पाएका छन् । अहिले नयाँ भाषाको पहिचान र लोपोन्मुख भाषाको संरक्षणका लागि भाषा आयोग, त्रिभुवन विश्वविद्यालय, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान एवं अनुसन्धाताहरूले अभियान जारी राखेकै छन्। यी भाषाहरूको अझै विस्तृत अध्ययन जरी छ ता कि २०७८ को जनगणनामा सबै भाषा प्रष्टपमा उल्लेख हुन सकून्।

भाषाभाषीको संरक्षणका लागि धेरै काम गर्न बाँकी छ। ठूलो समुदायमा बोलिने कतिपय भाषाका लिपि नै बन्न सकेका छैनन्। कतिपय भाषा लोपोन्मुख अवस्थामा पुगिसकेका छन् भने केही भाषा अझै पहिचान हुन नै बाँकी छन्। भाषा सम्बन्धित समुदायको मात्र होइन, देशकै सम्पत्ति हो। भाषा देशको मात्रै होइन्, मानव जातिकै निधि हो। भाषासँग सभ्यता जोडिएको हुन्छ। अहिले सम्पन्न देशहमा लोप भएका भाषाको उत्खनन गर्ने अभियान नै चलेका छन्। उनीहरु लोप भएका भाषाको संरक्षणमा त जुटेका छन् भने हामीले लोपोन्मुख भाषाको संरक्षण गर्दै पहिचानमा आउन नसकेका भाषाहको शीघ्र खोजी किन नगर्ने ? त्यसका लागि समग्रमा संघीय सरकारकै नीति जरुरी छ भने प्रदेश र स्थानीय तहले आफ्नो पहलमा भाषा संरक्षणका अभियानहरु चलाउनु आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# विकासमा ग्रामीण पर्यटनको भूमिका



सुदर्शन अधिकारी

विदेशीमात्र नभई स्वदेशी पर्यटकका लागि अझ आकर्षण बढदै गएको गाउँ पर्यटन हाम्रा लागि आर्थिक विकासमा फट्को मार्नका लागि आधार बनेको देखिन्छ । नेपालका सयौं स्थान अहिले प्रख्यात यही गाउँ पर्यटनका कारण भएका छन् । उपत्यका नजीकका चित्लाङ, दामन शिवपुरी, ककनी, टोखा बजारको उत्तर पश्चिम हुँदै जान सकिने नुवाकोट जिल्लामा पर्ने सूर्य (सुइरे) चउर, साँखु हुँदै जाने भोटे चउर नगरकोटलगायत स्थानले गाउँ पर्यटनको महत्वलाई पुष्टि गरिसकेका छन् ।

हाम्रो देश प्राकृतिक दृष्टिकोणले विश्वमानै उत्कृष्ट र मनोरम भएकाले हरेक गाउँ पर्यटकीय बनेको छ । त्यसैले विगत १ दशक देखि गाँउ पर्यटनको अवधारणाले मूर्तरूप लिँदै आएको देखिन्छ । ग्रामीण विकासका लागि गाउँ पर्यटन देशको समग्र विकासको आधार समेत बनेको छ । आन्तरिक तथा बाह्य पर्यटनको विकासमा आज गाउँ पर्यटन विस्तार हुँदै गएको छ ।

नेपालको चौधौं योजनाको मुख्य लक्ष्यमध्ये एक ग्रामीण पर्यटनमार्फत रोजगारीका अवसरहरू सृजना गर्ने रहेको छ । यसमा सहयोग गर्न स्थानीय निकाय विविध सरोकारवाला संघसंस्था, पर्यटन बोर्ड विभाग हुँदै मन्त्रालयले ध्यान दिनुपर्ने हुन्छ । गाउँ पर्यटनले गाउँ विकासका चौतर्फी र महत्त्वपूर्ण योगदान पुग्छ । पर्यटकीय क्षेत्र बनाउन सडक विद्युत् सञ्चार खानेपानी सुविधायुक्त होटल लजलगायत अनेकौं सुविधाको उपलब्ध गराउनुपर्ने भएकाले गाउँ पर्यटन भनेकै विकासको अर्को नाम हो ।

कोरोनाको संकटमा सर्वत्र नकारात्मक असर परेकाले यो क्षेत्र पनि निकै प्रभावितमध्ये मुख्य क्षेत्रमा पर्छ । बिस्तारै पर्यटनसम्बन्धी गतिविधि बढ्दै गएको छ जसले अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग गर्छ । कोरोनाका कारण ८ महीनासम्म ठप्प पर्यटन पुरानै अवस्थामा पुग्न थप समय त लाग्ने नै भयो । पर्यटन व्यवसाय सरकारी स्तरमा मात्र फस्टाउने व्यवसाय नभएकाले यस क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान रहनैपर्ने निजीक्षेत्रको हो ।

नेपालको आर्थिक विकासमा सरकार ले अवलम्बन गरेको तीनखम्बे नीतिमा निजीक्षेत्र वैदेशिक सहयोग र राज्य रहेका छन् । विगत १५ वर्षदेखि हामीले यसै नीतिलाई अवलम्बन गरिरहेका छौं । गाउँ पर्यटनबाट हुने प्रत्यक्ष लाभ हुने भएकाले यसको विकासमा सक्दो प्रयास गर्नुपर्छ । यो पहिले त विदेशी मुद्रा आर्जनको स्रोत हो भने दोस्रो रोजगारीको महत्ववपूर्ण अवसर पनि हो । यसबाट घरेलु तथा साना उद्योगको विकासमा टेवा पुग्छ । यतिमात्र नभई देशको राजस्वमा वृद्धि हुन्छ ।

गाउँ पर्यटनका लागि महत्त्वको विषय भनेको सांस्कृतिक विविधता नै हो । नेपालमा भिन्न संस्कृति र परम्परा भएका १२५ जातजातिका मानव बसोवास गर्ने देश भएकाले यहाँ आउने पर्यटकलाई लोकगीत संगीत र नृत्यले ज्यादै मोहित बनाउने गर्छ । प्रत्येक जातिका फरकफरक मौलिक परम्परा रहनसहन, रीतिरीवाज तथा मूल्यमान्यता भएकाले यसकै विविधता अवलोकन र अध्ययन गर्न आउने पर्यटकको संख्या ठूलो मात्रामा रहेको छ । नेपालको अर्को महत्त्वको क्षेत्र भनेको साहसिक पर्यटन हो । उत्तरी क्षेत्रबाट तीव्र वेगले बग्ने नदीहरूमा ऱ्याफटिङको मज्जा लिने गरिन्छ भने हिमाल आरोहण प्याराग्लाइडिङ, बन्जी जम्पिगजस्ता गतिविधिले गाउँ पर्यटनको विकासको सम्भावना र महत्त्वको ज्यादा रहेको छ । नेपाल विश्वमा हिमालै हिमालको देशको रूपमा चिनिने भएकाले पूर्वको कञ्चनजंगादेखि पश्चिमको सैपालसम्मको क्षेत्रलाई ग्रेट हिमालय ट्रेलका नामले पनि चिनिन्छ । यसभित्र कञ्चनजंगा संरक्षण क्षेत्र मकालु वरूण राष्ट्रिय निकुञ्ज तथा सगरमाथा राष्ट्रिय निकुञ्ज पर्छन् । लाङटाङ, गोसाँइकुण्ड, गौरीशंकर हिमाली क्षेत्रलाई पनि यसै ट्रेलअन्तर्गत समावेश गरिएको छ । पश्चिममा मनाङ, मुस्ताङ, मुगु, डोल्पाका पर्यटकीय गन्तव्य स्थलहरू समेटिएका छन् । ५ हजार मीटरमाथिका क्षेत्रमा हिमाली जनावर र वनस्पतिहरूको अवलोकन र अध्ययनसमेतका लागि पर्यटक नेपाल आउने गर्छन् । पर्याप्त प्रचारप्रसारको कमीले विदेशी पर्यटकको आगमन आशाअनुरूप हुन भने सकेको छैन ।

मनोरम पहाडी स्थलहरू, विभिन्न प्रकारका भू–सतह, गुफा, झरना, ताल, नदीजस्ता सयौं प्राकृतिक सम्पदास्थलहरूले गाउँ पर्यटनको प्रचुर सम्भावना रहेको देखिन्छ । अब प्रश्न आउँछ, पर्यटकलाई आवश्यक पर्ने सबै पूर्वाधारको विकासमा हामीले जोड दिई सुविधाको विस्तार कसरी गर्ने ? सुविधा दिने वातावरण भएमा पर्यटकले खर्च गर्छन् भन्ने पनि यस क्षेत्रका सबैले मनन गर्नुपर्छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत भइसकेका चर्चित र प्रसिद्ध पर्यटकीय स्थलहरूमा लुम्बिनी, पशुपति क्षेत्र, सगर माथा राष्ट्रिय निकुञ्ज, बौद्धनाथ महाचैत्य, चितवन राष्ट्रिय निकुञ्ज, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, स्वयम्भुनाथ स्तूप, चाँगुनारायण मन्दिर र हनुमाढोका दरबार क्षेत्र यी १० ओटा धार्मिक तथा पर्यटकीय स्थल हुन् । गाउँ पर्यटनमा समेत यस्ता स्थलले बढी महत्त्व स्वाभाविक रूपमा हुने नै भयो ।

हावापानीको विविधता पनि उत्तिकै महत्त्वको रहेको छ । नेपालको दक्षिणी भागमा उष्ण, मध्यभागमा समशीतोष्ण र उत्तरी भागमा चिसो प्रकारको हावापानी पाइन्छ । यसले पनि गाउँ पर्यटनका लागि सहयोग पुगिरहेको देखिन्छ । एउटा मात्र दृष्टान्त हेर्ने हो भने पनि स्पष्ट हुन सकिन्छ त्यो हो, प्रदेश चार अवस्थित लमजुङ जिल्लाको घले गाउँ । पछिल्लो समयमा राम्ररी विकास हुँदै आएको गाउँ पर्यटनको सम्भावनालाई दृष्टिगत गर्दै यसका लागि आवश्यक पर्ने सबै पूर्वाधार को विकासमा जोड दिनुपर्छ । विदेशीमात्र नभई स्वदेशी पर्यटकका लागि अझ आकर्षण बढदै गएको गाउँ पर्यटन हाम्रा लागि आर्थिक विकासमा फट्को मार्नका लागि आधार बनेको देखिन्छ । नेपालका सयौं स्थान अहिले प्रख्यात यही गाउँ पर्यटनका कारण भएका छन् । उपत्यका नजीकका चित्लाङ, दामन शिवपुरी, ककनी, टोखा बजारको उत्तर पश्चिम हुँदै जान सकिने नुवाकोट जिल्लामा पर्ने सूर्य (सुइरे) चउर, साँखु हुँदै जाने भोटे चउर नगरकोटलगायत स्थानले गाउँ पर्यटनको महत्वलाई पुष्टि गरिसकेका छन् ।

हामीले अबका दिनमा यस्ता स्थानको खोजी गर्दै नयाँ गन्तव्य निर्माणमा ध्यान दिँदै अगाडि जानुपर्ने देखिन्छ । हामीले सरकारको मात्र मुख ताक्ने र सबै उसबाटै हुन्छ भनेर बस्नु हुँदैन । निजीक्षेत्रलाई राज्यले गाउँ पर्यटनको विकासमा लगानी गर्ने वातावरण निर्माणमा नीति बनाउने स्थानीय निकायले सहजीकरण गरिदिने प्रक्रियामुखी र बढी समय मात्र लगाउने परिपाटीको अन्त्य हुनुपर्छ तब मात्र फस्टाउँदै गएको गाउँ पर्यटनले थप विकास र विस्तार हुने अवसर पाउने देखिन्छ । यसबाट अन्ततः देशको आर्थिक, सामाजिक, सांस्कृतिक विकास हुन्छ जुन हाम्रा लागि ज्यादै महत्त्वपूर्ण पनि रहेको छ ।

(लेखक विश्वशान्ति कलेजका समाजशास्त्रका अध्यापक हुन् ।)

उपभोग्य सामाग्री खरिद गर्दा
उपभोग मिति अनिवार्य हेरौं ।

www.thahatimes.com

स्थानीय खबरका लागिः
www.thahatimes.com

# पेटको जलन र एसिडिटी रोक्न गर्मीमा के गर्ने ?



गर्मीका दिनहरूमा के खानुहुन्छ के खानु हुँदैन ? डिहाइड्रेसन, ग्यास्ट्रिकको समस्या, पेट दुखाइ, पेटमा हुने जलन वा एसिडिटी गर्मीको अवधिमा बढ्ने गर्छ । तापक्रम बढ्दै जाँदा हाम्रो शरीरले फरक प्रतिक्रिया गर्छ । त्यसैले हामीले गर्मीको दिनमा खानाका केही चीजहरू त्याग्नैपर्छ । यदि अरू समयमा जस्तै केही खानालाई गर्मीको समयमा पनि जारी राख्नुभयो भने तपाईंको स्वास्थ्य बिग्रन सक्छ ।

तपाईंलाई चिसो पेय पदार्थ, चिसो चीजहरू, दुग्ध उत्पादहरू, तेल मिश्रित खाना, रातो मासु, दूध चिया वा कफी आदिमा कमी ल्याउनुपर्छ । यसको साटो तपाईंले त्यस्ता चीजहरू खानुपर्छ जसले पेटलाई चिसो बनाउँछ जस्तै, ताजा फलफूल, काँक्रो, नरम पानी आदि गर्मीमा धेरै खानुपर्छ । गर्मीका दिनहरूमा तपाईंले तरल आहारलाई बढाउनुपर्छ। गर्मीमा खान कम गर्नुपर्ने खानाहरू ।

**रातो मासु**

रातो मासुमा प्रोटिन र फलामको मात्रा अधिक हुन्छ । ग्रीष्मयाममा दिन यसलाई पचाउन गाह्रो हुन्छ। रातो मासु खाँदा शरीरको तापक्रम पनि बढ्छ, जुन गर्मीमा राम्रो हुँदैन । गर्मीमा रातो मासु खाँदा शरीरको धेरै ऊर्जा त्यसैलाई पचाउन जाने भएकोले यसबाट सकेसम्म टाढै बस्नुपर्छ ।

**कोल्ड ड्रिंक**

सबैलाई गर्मीमा चिसो चिसो पेय पदार्थ मनपर्छ । गर्मी भगाउनको लागि धेरैले चिसो पेय पदार्थ पिउने गर्छन् । चिसो पेयबाट क्यालोरीको मात्रा बढ्दै जान्छ, साथसाथै यसले शरीरलाई डिहाइड्रेट गर्न पनि सहयोग गर्छ । त्यति भन्दैमा यसलाई धेरै पिउँदा यसले असर गर्न सक्छ । त्यसैले बरू चिसो पेय पदार्थको ठाउँमा जुस र नरिवलको पानी जस्ता प्राकृतिक पेय पदार्थतिर धेरै ध्यान दिनु उपयुक्त हुन्छ ।

**चिल्लोयुक्त जंक फुड**

यदि तपाईंलाई चिल्लोयुक्त जंक फूड खान मनपर्छ भने पनि यो मौसम त्यसको लागि उपयुक्त हुँदैन । गर्मीमा तेलका कारण पेट पोल्ने समस्या हुन सक्छ । गर्मीका दिनहरूमा त्यस्तो खाना खाँदा एसिडिटी एवं छालामा समस्या समेत हुने गर्छ ।

**धेरै मसालायुक्त तरकारी**

नेपाली परिकारमा धेरै मसलायुक्त खानेकुरा पाइन्छ । तर गर्मी मौसमका लागि यो उपयुक्त खाना भने होइन । यो मौसममा तरकारीमा धेरै मसला, तेल, घिउ राख्नुभन्दा हल्का खुर्सानी, थोरै मसला र थोरै भुटेको तरकारी खानु उपयुक्त हुन्छ ।

**दूध चिया एवं कफी**

दूधचिया मीठो लाग्ने पनि धेरै जना हुन सक्छन् । तर गर्मीमा पेटको स्वास्थ्यको लागि दूधको चियालाई कम गर्नु उपयुक्त हुन्छ । दूध चिया गर्मीमा पिउँदा शरीरमा पानीको कमी हुन्छ । यसबाहेक चिया गर्मीका दिनहरूमा पेटको दुखाइ र एसिडिटीको पनि कारण हुन सक्छ । दूध चिया वा कफीको सट्टा, तपाईं हरियो चिया, कालो चिया, पुदिना चिया आदि पिउन सक्नुहुन्छ।

यसबाहेक विभिन्न दुग्ध उत्पादनहरू पनि यो मौसममा कम गर्नु उपयुक्त हुन्छ । यस्ता दुग्ध उत्पादनलाई उचित हिसाबले उपभोग नगर्दा तपाईंको पेटमा कठिनाइ बढ्न सक्छ । तपाईं गर्मीमा दही खान सक्नुहुन्छ, तर दूध, चीज, क्रिम वा बटरमा फ्याटको उच्च मात्रा हुन्छ । यो बोसो पचाउन गाह्रो छ, जसले गर्दा गर्मीमा ग्यास्ट्रिकको समस्या निम्तिन सक्छ ।

गर्मीका दिनहरूमा यी खाद्य पदार्थहरूलाई बेवास्ता गर्दा पेटको समस्या निम्तिन सक्छ । यदि तपाईं कुनै रोगबाट पीडित हुनुहुन्छ भने डाक्टरसँग सल्लाह लिएर आहारसम्बन्धी निर्णय लिन सकिन्छ ।

# यस कारण हुनसक्छ मधुमेह

मधुमेह यस्तो रोग हो, जसलाई नियन्त्रण गरिएन भने, त्यसले अरू रोग पैदा गर्छ । जस्तो कि, उच्च रक्तचाप, मुटु रोग, मृगौला रोग आदि । तर, डराइहाल्नुपर्ने केही छैन । किनभने केही सावधानी अपनाउने हो भने यी सबै खतराबाट बच्न सकिन्छ । जब कसैलाई पहिलो पटक मधुमेह भएको थाहा हुन्छ, उनीहरू एकदम चिन्तित हुने गर्छन् । उनीहरू मन एउटै प्रश्नले रिंगाइरहन्छ, 'के जरैदेखि मधुमेह हटाउन सकिन्छ ?' यस प्रश्नको उत्तर जान्नका लागि मधुमेहको प्रकृतिबारे जान्नुपर्ने हुन्छ ।

**मधुमेहका कारणहरुः**

मधुमेह नेपालमा धेरै छिटो फैलिने मध्येको एक रोग हो । ठूला मात्र होइनन्, बच्चाहरू पनि यस रोगबाट ग्रस्त छन् । अक्सर मानिसलाई लाग्छ कि उनीहरूको गलत खानाले मात्रै उनीहरू त्यस्तो समस्यामा फस्ने गर्छन् । मधुमेहको सबैभन्दा ठूलो कारण भनेको केही गलत बानीहरू हुन् जुन दैनिक जीवनमा अपनाइन्छ। यदि यी बानीहरू सुधार गरियो भने मधुमेहलाई धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ ।

**दिनभरि अफिसमा बसिरहनु**

प्रायः मानिसहरू दिनभरि अफिसमा बस्छन् किनकि उनीहरूले उठ्नको लागि समय नै पाउँदैनन् । तर तपाईंको यो बानीले तपाईंलाई मधुमेहको साथमा हृदयको समेत समस्या गराउन सक्छ ।

**घाममा कहिलै नबस्नु**

एक शोधका अनुसार मधुमेहको सबैभन्दा ठूलो कारण भिटामिन–डीको अभाव हुनु हो, जुन सूर्यको किरणबाट पाइन्छ । भिटामिन डीको कमी भएका मानिसलाई मधुमेहको उच्च जोखिम हुन्छ, त्यसैले प्रत्येकले सनस्क्रिन बिना कम्तीमा आधा घण्टा घाममा रहनुपर्छ ।

**प्लास्टिकको भाँडोमा र्‍याप गरेको खाना**

अन्वेषकहरूले अर्को तथ्य पत्ता लगाएका छन् कि प्लास्टिकको र्‍याप गरेको खानामा मिसिने रसायनले इन्सुलिनमा प्रतिरोध क्षमता बढाउँछ । यो मधुमेहको प्रारम्भिक लक्षण हो ।

**बिहानको खाजा**

ब्रेकफास्टमा बेवास्ता गर्नु पनि मधुमेहको सबैभन्दा ठूलो कारण हो । वास्तवमा बिहान नास्ता नगर्दा शरीरमा इन्सुलिनको सन्तुलन बिग्रन्छ, जसले मधुमेहको सम्भावना बढाउँछ ।

**परिष्कृत कार्बोहाइड्रेटको सेवन**

सेतो रोटी, सेतो चामल, मैदा वा अन्य परिष्कृत कार्बोहाइड्रेट्सले शरीरलाई अधिक इन्सुलिन उत्पादन गर्छ । यसको कारणले तपाईं चाँडै भोको महसुस गर्न थाल्नुहुन्छ । यसले मधुमेह हुने सम्भावनालाई बढाउँछ ।

**आहारमा प्रोबायोटिक्सको सेवन**

प्रोबायोटिक्सले पाचन प्रणालीमा सुधार गर्छ तर त्यसले रगतमा चिनीको मात्रालाई पनि नियमित गर्न मद्दत गर्छ । यसको कारणले तपाईं अनिद्रा र तनावको शिकार बन्नुहुन्छ । यसले रगतमा चिनीको स्तर बढाउँछ र तपाईंलाई मधुमेहको खतरामा पार्छ ।

**कम्तीमा ३/३ कप कफी पिउनुहोस्**

जानकारहरू दैनिक कम्तीमा २-३ कप कफी पिउनुपर्नेमा जोड दिन्छन् । यसले टाइप-२ मधुमेहको जोखिम रोक्न सक्छ । यदि तपाईंले कफी पनि पिउनुहुन्न, भने तपाईंमा कुनै न कुनै किसिमले मधुमेहको जोखिम बढ्न सक्छ ।

# बच्चाको कानमा संक्रमण कम गर्ने घरेलु उपाय

शिशु र साना बच्चाहरूमा कानको संक्रमण वा पीडा सामान्य कुरा हो । अक्सर तपाईंले देख्नुभएको हुन सक्छ कि केटाकेटीहरू धेरै रोइरहेका हुन्छन् वा उनीहरूको कान समातेर तानिरहेका हुन्छन् । तर धेरैले बच्चाको लागि समस्या के हो भन्ने थाहा हुँदैन । यस प्रकारको पीडा प्रायः १८ महिनासम्मको उमेरका शिशुहरूमा देखिन्छ । यो कुनैपनि उमेर समूहका मान्छेमा हुन सक्छ । केटीहरूको तुलनामा केटाहरूमा संक्रमण हुने सम्भावना बढी हुन्छ । यद्यपि यसको कारण पत्ता लागेको छैन । यदि तपाईंको बच्चा वा तपाईं वरिपरिका बच्चाहरूसँग केही यस्तो हुँदैछ भने तब यो लेख तपाईंको लागि धेरै महत्वपूर्ण हुन सक्छ।

**बच्चाको कानको सही उपचार**

यदि तपाईंको बच्चा कानमा हुने दुखाइको कारण रोइरहेको छ वा कानलाई बारम्बार कन्याइरहेको देखियो भने कानमा संक्रमण भएको हुन सक्छ ।

यसको घरेलु उपचार पनि पाइन्छ । यसको लागि इलेक्ट्रिक हिटिङ प्याड पनि प्रयोग गर्न सकिन्छ । यो बच्चाको कानमा दुखाइ कम गर्नको लागि एउटा उपयुक्त उपाय हो ।

**कानभित्रको फोहोर कसरी निकाल्ने**

यदि तपाईंको बच्चाको कानबाट कुनै तरल पदार्थ बाहिर आएको छ भने वा बच्चालाई कानमा दुखाइ भइरहेको छ भने कानमा मनतातो जैतुनको तेल वा तिलको तेल लगाउन सकिन्छ। यसरी कानभित्रको संक्रमण र फोहर सजिलै हटाउन सक्नेछ ।

**बच्चालाई पर्याप्त मात्रामा तरल पदार्थ आवश्यक**

बच्चाको कानमा संक्रमणको कारण पानीको मात्रा कम हुन सक्छ। यस्तो अवस्थामा बच्चा धेरै रून्छ र त्यही कार णले शरीरको ऊर्जा र पानीको अधिक प्रयोग हुन्छ। यस्तो अवस्थामा बच्चालाई पर्याप्त मात्रामा तरल पदार्थ खुवाउनुपर्छ।

**आयुर्वेदिक उपचार**

तपाईं बच्चाको कानमा हुने समस्या समाधानका लागि आयुर्वेदिक उपचार समेरूत गर्न सक्नुहुन्छ । जस्तै लसुन, जैतुनको तेल, सर्स्युको तेल, तुलसीको रस आदि तपाईंको बच्चाको कानको संक्रमणको उपचार गर्नमा सहयोगी हुन सक्छ । यी सबै उत्पादनहरूले कानको दुखाइ र पीडा पूर्ण रूपमा निको पार्छ ।

# सिलौटोमा पिसेको मसला, ढुंगामा पकाएको व्यञ्जन

परम्परागत ढुंगाको औजार, जो भान्सा एवं पाककलासँग अभिन्न रूपले जोडिएको छ । मरमसला पिस्न होस् वा अचार बनाउन, सिलौटो उपयोगी हुन्छ । सिलौटोसँग मुलत परम्परागत पाककला जोडिएको छ ।

राजधानीको व्यस्त ठाउँ अनामनगरमा यही नामको रेष्टुरेन्ट छ, सिलौटो कटेज । सिंहदरबारको पूर्वी गेट नजिक उभिएर दायाँवायाँ आँखा डुलाउनुभयो भने तपाईंले यो रेष्टुरेन्ट फेला पार्नुहुनेछ । बाहिर खासै तामझाम छैन । औसत रेष्टुरेन्ट झैं देखिन्छन् । भित्र प्रवेश गर्नका लागि साँघुरो ठाउँ छ । बासका कप्टेराले यसको आन्तरिक सजावट गरिएको छ । प्राचिन शैलीका कलाकृतिले आगन्तुकको ध्यान तान्नेछ । जसै तपाईं साँघुरो बाटो छिचोल्दै अगाडि बढ्नुहुन्छ, फरक परिवेशमा पुग्नुहुनेछ ।

सुरुमा भेटिनेछ राजशी शैलीका बस्ने स्थान । आरमदायक कुर्सी, भव्य फूलदानी र अनौठो भित्ते चित्रले तपाईंको स्वागत गर्नेछ । यहाँ तपाईं पारिवारिक जमघट गर्न सक्नुहुन्छ । वा साथीभाईसँग भलाकुसारी गर्न सक्नुहुनेछ ।

त्यसभन्दा अगाडि छ, मदिरालय । मदिरालयमा पनि कलात्मक सजावट देख्न सकिन्छ । यसको सम्मुखमा वयस्क आगन्तुकका लागि बसोबासको व्यवस्था छ ।

**सिलौटोमा पिसेको मसला, ढुंगामा पकाएको खानेकुरा**

अगाडि बढ्दै जाँदा तपाईं पुग्नुहुनेछ मझौला आकारका कटेजहरूमा । मध्यभागमा सानो टहरो छ । यसको बार्यातर्फ खुला भान्सा छ । भान्सासँगै औसतभन्दा ठूलो आकारको सिलौटो छ । यही सिलौटोमा मरमसरा पिस्ने गरिन्छ । अर्थात यहाँको खान्कीमा तयारी मरमसला मिसाइदैन । घरकै भान्सामा झै बाह्र मसला पिसेर अनेक व्यञ्जन बनाइन्छ ।

सिलौटो कटेजको केही खास विशेषता छन् । जस्तो कि, यहाँ आँखै अगाडि सिलौटोमा मरमसला पिसेर पकाइन्छ । पकाउनका लागि आगोको प्रयोग गरिन्छ । भान्सामा आगोको ठूलो भट्टी नै छ । त्यही भट्टीमा माछादेखि सेकुवासम्म पाक्छ । अझ रोचक त के भने, ढुंगामाथि राखेर पनि यहाँ कतिपय परिकार बनाइन्छ ।

# हेटौंडालाई अन्तर शहर चेस प्रतियोगिताको उपाधि




◆ विकास संवाददाता

नेपालकै सर्वाधिक राशी पुरस्कार रहेको अन्तर शहर चेस प्रतियोगिताको उपाधि हेटौँडा उपमहानगरपालिकाले जितेको छ । शनिबार भएको सातौं चरणको खेलमा ललितपुरको महालक्ष्मी नगरपालिकालाई पराजित गर्दै हेटौंडा उपमहानगरपालिका १३ अंकसहित प्रथम स्थान हासिल गर्दै उपाधि जितेको हो । उपाधि विजेता हेटौंडा उपमहानगर-पालिकाले नगद दुई लाख ५० हजार रूपैयाँ प्राप्त गरेको छ । यो पुरस्कार चेस प्रतियोगितामा हालसम्मकै धेरै हो ।

प्रतियोगितामा दोलखा जिल्ला बुद्धिचाल संघ १२ अंकसहित दोस्रो स्थानमा रहन सफल भयो भने उसले एक लाख ५० हजार रूपैयाँ पुरस्कार प्राप्त गरेको छ । १० अंकसहित ललितपुर महानगरपालिकाको टिम तेस्रो हुँदै ५० हजार रूपैयाँ नगद प्राप्त गरेको छ । प्रतियोगितामा ललितपुरको ललितपुर खेलकुद क्लब र ललितपुरको महालक्ष्मी नगरपालिका क्रमशः ९ र ८ अंकसहित चौथो र पाँचौ स्थानमा रहँदै नगद ३० र २० हजार रूपैयाँ प्राप्त गरेको छ ।

प्रतियोगितामा बोर्डको उत्कृष्ट खेलाडी बन्दै हेटौंडा उपमहानगर पालिकाका क्षितिज भण्डारी, रूपेश जैसवाल, सुरवीर लामा, दोलखा जिल्लाको दोलखा बुद्धिचाल संघका मनिष हमाल र नुवाकोटको विदुर नगरपालिकाका आश्चर्य चौधरीले जनही १० हजार रूपैयाँ प्राप्त गरेका छन् । प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम हेटौंडा चेस क्लबका अध्यक्ष ज्ञानकृष्ण प्रजापतिको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतको प्रमुख आतिथ्यमा भएको थियो ।

समापन कार्यक्रममा नेपाल बुद्धिचाल संघका अध्यक्ष एकालाल श्रेष्ठ, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य सचिव सूर्यलाल भण्डारी, मकवानपुर जिल्ला अध्यक्ष माधव तिमल्सिना, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सानु लामा, हेटौंडा उपमहानगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीको पनि उपस्थिति रहेको थियो ।

# चित्लाङ-चन्द्रागिरि ... ..

स्तरीकरण गर्नसके यहाँको घरघरमा होमस्टे, गाउँ-गाउँमा रिसोर्ट संचालान हुनेछ ।' सडक स्तरीकरणको लागि सम्बन्धित निकायमा पहल गर्ने र थाहाकै पर्यटकीय नाकाको रूपमा यो सडकलाई विस्तार गरिने विष्टले बताए ।

चित्लाङबाट काठमाण्डौं २२ किमीको दुरीमा पुग्न सकिने भएपनि काठमाडौं पुग्न ४ घण्टाको बाटो यात्रा गर्नुपरेको भन्दै यसअघि स्थानीयहरू निर्माण व्यवशायीसंग रूष्ट भएका छन् । वि.स. २०७५ माघ २१ गते बसेको मन्त्रिपरिषद्को बैठकले सडकको स्तरोन्नती संघीय सरकारले गर्ने निर्णयसमेत गरेर सडकको निर्माण प्रक्रिया अघि बढाइएको भएपनि सोचेजस्तो काम नभएको स्थानीयहरू बताउँछन् । गणेशमान मार्ग उत्तरी मकवानपुरलाई काठमाडौंसँग जोड्ने सबभन्दा छोटो सडक मार्ग हो । करिब तीन दशकअघि निर्माण सुरू गरिएको सडकको महत्वलाई ध्यानमा राखेर सरकारले छुट्टै आयोजना गठन गरी प्राथमिकताको सूचीमा राखेको छ । आयोजनाले सडक स्तरोन्नतिका लागि २०७१/७२ देखि काम सुरू गरेको हो ।

१ अर्ब १३ करोड उक्त सडकको अनुमानित लागत छ । चित्लाङ–थानकोट सडकखण्ड निर्माणको काम वि.स. २०६० सालभन्दा अघि देखि नै शुरू गरिएको हो ।

## बागमती सरकारको प्राथमिकताः

# सडक र पुल

◆ विकास संवाददाता

देशमा संघीयता आएपछि तिनै तहका सरकार देशको आर्थिक, सामाजिक र भौतिक विकासमा तीव्र गतिमा लागिपरेका छन् ।

संघीय सरकार र स्थानीय सरकारको अवधारण पहिले नै आइसकेको थियो । तर संघीयता आए पश्चात् प्रदेश सरकार भने नयाँ अवधारणका रूपमा स्थापना भयो । प्रदेश सरकारले मुलुकको भौतिक तथा सामाजिक क्षेत्रको विकासमा उल्लेख्य भूमिका निर्वाह गरेका छन् । विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सातै प्रदेशमध्ये बागमती प्रदेश सरकार पहिलो सूचिमा छ ।

बागमती प्रदेश सरकार प्रदेशका १३ वटै जिल्लाको विकास निर्माणका काममा लागिपरेको छ । प्रदेश सरकारले दुई आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ मा कुल ८ सय ९२ किलोमिटर कच्चि सडक निर्माण निर्माण गरेको प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फूयाले बताए । यस्तै एक सय ५१ किलोमिटर सडक कालोपत्रे गरेको छ भने ४ सय ९ किलोमिटर सडक ग्राभेल गरेको निर्देशनालयले जनाएको छ । निर्देशनालयले दुई आर्थिक वर्षमा ७ सय ३४ किलोमिटर सडकको सर्भे समेत गरेको छ ।

प्रदेश सरकारको भौतिक पुर्वाधार विकास मन्त्रालयअर्न्तगत् यातायात पूर्वाधार विकास मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ मा प्रदेशभित्र ९० दशमलव ७८ किलोमिटर सडक कालोपत्रे गरेको हो । यस्तै एक सय ६६ दशमलव ७८ किलोमिटर सडक ग्राभेल गरेको प्रदेश सरकारले ४ सय १८ दशमलव ९९ किलोमिटर कच्ची सडक निर्माण गरेको छ । प्रदेश सर कारले आर्थिक वर्ष २०७५/०७६ मा कुल ६ अर्ब ४९ करोड १२ लाख ७२ हजार रूपैया बजेटमध्ये ३ अर्ब ६७ करोड ५ लाख ९८ हजार रूपैयाँ सडक निर्माण शिर्षकमा खर्च गरेको थियो ।

प्रदेश सरकारको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले आर्थिक वर्ष २०७६/०७७ मा १४ किलोमिटर कच्चा सडक निर्माण गरेको छ । त्यस्तै ५ सय २४ किलोमिटर सडक सर्भेको काम गरेको निर्देशनालयले जनाएको छ । निर्देशनालयले कुल बजेट ४७ लाख ९९ हजार रूपैयाँमध्ये २३ कारोड ५४ लाख रूपैया खर्च गरेको छ । पूवार्धार विकास कार्यालय ललितपुरले २६ किलोमिटर कच्ची सडक निर्माण, ९ किलोमिटर सडक कालोपत्रे, १० किलोमिटर ग्राभेलिङ, ६ किलोमिटर स्ल्याब ढलान र ४ वटा पुल निमार्ण गरेको मन्त्री फूयालले बताए ।

पूर्वाधार कार्यालय ललितपुरले आर्थिक वर्ष २०६७ /०७७ मा कुल बजेटको एक अर्ब २८ करोड १४ लाख रूपैयाँमध्ये ६८ करोड ४५ लाख



बागमती प्रदेश सरकार प्रदेशका १३ वटै जिल्लाको विकास निर्माणका काममा लागिपरेको छ । प्रदेश सरकारले दुई आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ मा कुल ८ सय ९२ किलोमिटर कच्चि सडक निर्माण निर्माण गरेको प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फूयाले बताए । यस्तै एक सय ५१ किलोमिटर सडक कालोपत्रे गरेको छ भने ४ सय ९ किलोमिटर सडक ग्राभेल गरेको निर्देशनालयले जनाएको छ ।

रूपैया खर्च गरेको छ । पूर्वाधार विकास कार्यालय काभ्रेले ६२ किलोमिटर कच्ची सडक निर्माण गरेको छ भने ९ किलोमिटर सडक कालोपत्रे गरेको हो । यस्तै २१ किलोमिटर सडक ग्राभेल गरेको निर्देशनालय हेटौंडाले जनाएको छ । २ किलेमिटर सडक स्ल्याब ढलान र ३ वटा पुल निर्माण गरेको जनाइएको छ ।

आर्थिक वर्ष २०६७/०७७ मा पूर्वाधार विकास कार्यालय काभ्रेले कुल १ अर्ब २९ करोड ३५ लाख रूपैयाँ बजेटमध्ये ७२ करोड ४९ लाख रूपैयाँ खर्च गरेको छ । पूवार्धार विकास कार्यालय चितवनले आर्थिक वर्ष २०७६/०७७ मा २७ किलोमिटर कच्ची सडक निर्माण गरेका छ । ९ किलोमिटर सडक कालोपत्रे, ३६ किलोमिटर ग्राभेलिङ, ८ किलोमिटर स्ल्याब ढलान र ४ वटा पुल निमार्ण गरेको निर्देशनालले जानकारी दिएको छ ।

पूर्वाधार कार्यालय चितवनले आर्थिक वर्ष २०७६/०७७ मा कुल बजेट एक अर्ब २८ करोड रूपैयाँमध्ये ५८ करोड ५९ लाख रूपैयाँ खर्च गरेको हो । पूवार्धार विकास कार्यालय नुवाकोटले आर्थिक वर्ष २०७६/०७७ मा ५४ किलोमिटर कच्ची सडक निर्माण गरेको छ भने ३ किलोमिटर सडक कालोपत्रे, १६ किलोमिटर ग्राभेलिङ, ३ किलोमिटर स्ल्याब ढलान र एउटा पुल निमार्ण गरेको हो ।

पूर्वाधार कार्यालय नुवाकोटले आर्थिक वर्ष २०७६/०७७ मा कुल बजेट एक अर्ब १९ करोड २५ लाख रूपैयाँमध्ये ७१ करोड ७५ लाख रूपैया खर्च गरेको छ । पूवार्धार विकास कार्यालय सिन्धुपाल्चोकले आर्थिक वर्ष २०७६/०७७ मा एक सय २२ किलोमिटर कच्चि सडक निर्माण गरेको छ भने ३ किलोमिटर सडक कालोपत्रे, ५२ किलोमिटर ग्राभेलिङ, २ किलोमिटर स्ल्याब ढलान र ५ वटा पुल निमार्ण गरेको हो । कार्यालयले आर्थिक वर्ष २०७६/०७७ मा कुल बजेट एक अर्ब ७० करोड ५० लाख रूपैयाँमध्ये एक अर्ब ८ करोड ३३ लाख रूपैयाँ खर्च गरेको उनले बताए ।

पूवार्धार विकास कार्यालय र ामेछापले आर्थिक वर्ष २०७६/०७७ मा एक सय १० किलोमिटर कच्ची सडक निर्माण गरेको निर्देनालयले जानकारी दिएको छ । ३ किलोमिटर सडक कालोपत्रे, ६ किलोमिटर ग्राभेलिङ, १ किलोमिटर स्ल्याब ढलान र २ वटा पुल कार्यालयले निमार्ण गरेको छ । कार्यालयले आर्थिक वर्ष २०७६/०७७ मा कुल बजेट एक अर्ब १४ करोड ७६ लाख रूपैयाँमध्ये ९३ करोड २५ लाख रूपैयाँ खर्च गरेको हो । प्रादेशिक सडक डिभिजन कार्यालय नुवाकोटले आर्थिक वर्ष २०७६/०७७ मा १३ किलोमिटर कच्चि सडक निर्माण गरेको छ ।

कार्यालयले १७ किलोमिटर सडक कालोपत्रे र ३० किलोमिटर ग्राभेलिङ गरेको कार्यालयले जनाएको छ । प्रादेशिक सडक डिभिजन कार्यालय नुवाकोटले आर्थिक वर्ष २०७६/०७७ मा कुल बजेट ४६ करोड ८२ लाख रूपैयाँमध्ये ३६ करोड ६० लाख रूपैयाँ खर्च गरेको हो । प्रादेशिक सडक डिभिजन कार्यालय खुर्कोटले आर्थिक वर्ष २०७६/०७७ मा ४७ किलोमिटर कच्ची सडक निर्माण गरेको छ भने ८ किलोमिटर सडक कालोपत्रे, ७१ किलोमिटर ग्राभेलिङ र ६ किलोमिटर स्ल्याब ढलान गरेको निर्देशनालयले जानकारी दिएको छ । प्रादेशिक सडक डिभिजन कार्यालय नुवाकोटले आर्थिक वर्ष २०७६/०७७ मा कुल बजेट ३९ करोड ३९ लाख रूपैयाँ मध्ये ३९ करोड रूपैयाँ खर्च गरेको छ ।



# दुई महिनापछि भीमफेदी-कुलेखानी सडक सञ्चालनमा



◆ विकास संवाददाता

गएको माघदेखि बन्द रहेको मकवानपुरको भीमफेदी-कुलेखानी सडक सञ्चालनमा आएको छ । वाग्मती प्रदेशको राजधानी हेटौंडाबाट काठमाडौं जोड्ने यो सडक स्तरोन्नतिको काम नसकिँदै सञ्चालनमा ल्याइएको हो ।

यातायात सञ्चालन नरोक्दा स्तरोन्नतिको काममा असहज भएको भन्दै गत १० माघमा यतायात बन्द गरिएको थियो । भीमफेदी-कुलेखानी सडकको क्षेत्रको १६ किलोमिटर खण्ड फराकिलो बनाउने काम ८० प्रतिशत सकिएको यातायात पुर्वाधार निर्देशनालय हेटौंडाका निर्देशक डा. सहदेबबहादुर भण्डारीले बताए ।

सडकको मोडहरूमा स्लाब ढलानको काम सकिए पनि कालोपत्रे बाँकी रहेको निर्देशक डा. भण्डारीले बताए । चाँडै कालोपत्रेको काम सक्ने गरी तयारी थालिएको उनले जानकारी दिए ।

भीमफेदीदेखि देउराली भञ्ज्याङसम्मको आठ किलोमिटर सडकका लागि १८ करोड रूपैयाँ तथा देउरालीदेखि कुलेखानीको हेबी चौरसम्मको साढे सात किलोमिटर सडकका लागि १६ करोड रूपैयाँ यो सडक स्तरोन्नतिका लागि कुल ३४ करोड रूपैयाँ विनियोजन भएको थियो ।

भीमफेदी-कुलेखानी-हेबीचौरसम्म पुरानो सडक फराकिलो पारिएको छ । ढल तथा पर्खाल निर्माण गरिएको छ । मदन भण्डारी राजमार्ग अन्तर्गत पर्ने सिस्नेरीदेखि काठमाडौंको दक्षिणकाली जोड्ने सडक पनि धमाधम मर्मत भइरहेको उनले जानकारी दिए ।

भीमफेदी-कुलेखानी सडक हुँदै दैनिक २ हजार भन्दा बढी साना सवारी साधन गुड्ने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# पर्यटक आवागमनका लागि मापदण्ड



◆ विकास संवाददाता

सरकारले 'पर्यटकहरूको आवागमनलाई व्यवस्थित गर्ने सम्बन्धी मापदण्ड, २०७७' स्वीकृत गरेको छ । कोभिड-१९ संक्रमण नियन्त्रण र रोकथाममा प्रतिकुल असर नपर्ने गरी नेपाल आउने पर्यटकहरूको आवागमनलाई व्यवस्थित गर्न पर्यटकहरूको आवागमनलाई व्यवस्थित गर्न मन्त्रिपरिषद्ले मापदण्ड जारी गरेको हो ।

नयाँ मापदण्डअनुशार कोभिडविरूद्धको खोप लगाएका र पीसीआर परीक्षणको प्रतिवेदन लिएर आएका पर्यटकहरूले नेपाल आइसकेपछि सम्बन्धित एजेन्सी वा संस्थाको समन्वयमा आफ्नै खर्चमा पीसीआर परीक्षण गराई नतिजा नआएसम्म होटेल क्वारेनटिनमा बस्नुपर्नेछ ।

परीक्षणको नतिजा पोजेटिभ आएमा नेगेटिभ नआएसम्म प्रचलित स्वास्थ्य मापदण्ड पालना गर्दै आफ्नै खर्चमा होटेल क्वारेनटिनमा बस्नु पर्नेछ । परीक्षणको नतिजा नेगेटिभ आएका पर्यटक सम्बन्धित संस्था वा एजेन्सीमार्फत पदयात्रा वा पर्वतारोहणमा जान वा सम्बद्ध पर्यटकीय गतिविधिमा सहभागी हुन सक्नेछन् ।

सरकारले भारतीय पर्यटकको हकमा विशेष व्यवस्था गरेको छ । हवाई मार्गबाट नेपाल आउने भारतीय पर्यटकको हकमा नेपाल इन्डिया ट्राभल बुबल एग्रिमेन्ट अनुरूपको व्यवस्था गर्ने, स्थल मार्गबाट आउनेले दफा ७ को खण्ड क बमोजिमका कागजात नेपाल भारत सीमाको अध्यागमन बिन्दुमा पेस गर्नुपर्ने र सरकारले स्वीकृत गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गर्नुपर्नेछ ।

यो व्यवस्थासँगै यसअघि जारी भएका मापदण्ड तथा आदेशहरू खारेज भएका छन् ।

# इन्द्रसरोवरको आवधिक योजना तर्जुमा नगरकोटमा



◆ विकास संवाददाता

मकवानपुर इन्द्रसरोवर गाउँपालिकाको आवधिक योजना तथा मध्यकालीन खर्च संरचना तर्जुमा कार्यक्रम नगरकोटमा भएको छ । इन्द्रसरोवर गाउँपालिकाको आयोजना तथा गभर्नेन्स एण्ड डिजाइन सोलुशन नेपालको सहजीकरणमा १४ चैत्रबाट तीनदिने कार्यशाला भएको हो ।

कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष उमा कुमारी लामाले गाउँपालिकाको भविष्यको खाका कोर्न सम्बन्धित सबै सरोकारवालाहरूले विशेष महत्व र प्राथमिकता दिइ सफल बनाउन जोड दिनुपर्ने औँल्याइन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किरण निधि तिवारीले कार्यशाला निक्कै नै महत्वपूर्ण र राज्यले निर्देशन दिएको कार्य भएकोले चौतर्फी आलोचनाको बाबजुद पनि कार्यक्रमलाई प्राथमिकता दिइएको बताए ।

गाउँपालिकाको दस्तावेज निर्माणका लागि गाउँपालिका भित्रका जनप्रतिनिधि, राजनीतिज्ञ दलका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, होटल, मत्स्य र डुङ्गा व्यवसायी संघका प्रतिनिधि, गाउँपालिकाका विभिन्न शाखाका प्रमुखहरू, बाल क्लबका प्रतिनिधि, सञ्चारकर्मी, लगायत गाउँपालिकाको विकाससँग सम्बन्धित सरोकारवाला नागरिक तथा कर्मचारीहरूको सहभागीतामा विषेश महत्वका साथ कार्यशाला भएको हो ।

कार्यशालाबाट गाउँपालिकाको पार्श्वचित्र आयव्यय, पालिकाको वस्तुगत विश्लेषण, दीर्घकालीन सोच निर्धारण, समष्टिगत लक्ष्य, विषयक्षेत्रगत उदेश्य तथा रणनीति, उप-विषयक्षेत्रगत उद्देश्य, रणनीति, मुख्य कार्यक्रम, अपेक्षित लगानी अनुमान र पालिकास्तरीय गौरवका आयोजना निर्धारण लगायतका आउटपुट प्राप्ति हुने जिडिएस नेपालका लिडर तथा प्रशिक्षक बिके महर्जनले जानकारी दिए ।

आवधिक योजना निर्माणका लागि फाल्गुन महिनाभर विभिन्न चरणमा तयारीका कार्यक्रम तथा गतिविधि सञ्चालन गरिएको थियो ।

# फाखेल स्वास्थ्य चौकीमा भिडियो एक्सरे र ल्याब सेवा सुरु




◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको वडा नम्बर ४ फाखेल स्वास्थ्य चौकीमा भिडियो एक्सरे तथा ल्याब सेवा सुरू भएको छ । इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा एक औपचारिक समारोहकाबीच फाखेल स्वास्थ्य चौकीमा गर्भवती महिला भिडियो एक्सरे तथा ल्याव सेवा सञ्चालनमा ल्याएको हो ।

फाखेल स्वास्थ्य चौकीको व्यवस्थापन तथा बुद्धि गणेश पोलिक्लिनिक प्रा.लि. दक्षिणकाली, काठमाडौँको सहजीकरणमा सेवा सुरू गरिएको हो । सेवा सुरू भएसँगै फाखेल लगायत इन्द्रसरोवर गाउँपालिकाका सबै वडाका नागरिकहरूलाई लाभ मिल्ने आशा गरिएको छ । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष उमा कुमारी लामा, ४ नम्बर वडाध्यक्ष धनवीर स्याङ्तान, प्रमुख प्रशासकीय अधिकृत किरण निधि तिवारी लगायतको उपस्थिति रहेको थियो ।

# मन्त्रालयको निर्देशन: 'सुरक्षाका मापदण्ड अपनाएर मात्रै पढाउनू'

◆ विकास संवाददाता

कोरोना भाइरस संक्रमणको जोखिम बढेको भन्दै शिक्षा मन्त्रालयले स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गरेर मात्रै विद्यालय सञ्चालन गर्न निर्देशन दिएको छ ।

शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठसहित विभिन्न निकायका पदाधिकारीको बैठकले सबै शिक्षण संस्थाले अनिवार्य रूपमा स्वास्थ्य तथा जनसत्त्या मन्त्रालयले तय गरेका जनस्वास्थ्य मापदण्डका साथै प्रदेश सरकार र पालिकाबाट तय गरिएका थप मापदण्डको पूर्णरूपमा पालना गर्न निर्देशन दिएको हो ।

शिक्षण संस्थाहरूमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्ने, साबुन पानीले हात धुने, ज्वरो नाप्ने र कसैमा सक्रमणको लक्षण पाइएमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने नियमलाई पूर्ण पालना गर्न मन्त्रालयले निर्देशन दिएको छ ।

यस्तै शिक्षण संस्थाहरूमा सभा, समारोह, वार्षिक उत्सवजस्ता भिडभाड हुने प्रकृतिका कार्यक्रमको आयोजना नगर्नसमेत मन्त्रालयले निर्देशन दिएको छ । विद्यालयहरूले दैनिक पठनपाठन सञ्चालन गर्दा भिडभाड नहुने गरी गरी सञ्चालन गर्नुपर्ने र विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७ को पूर्णरूपमा कार्यान्वयन गर्न पनि मन्त्रालयले सचेत गराएको छ ।

केही दिनयता कोरोना संक्रमण दर बढ्दै गएपछि सरकारले नै स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाउन आग्रह गरेको छ ।

# २८ चैतमा नेकपा माओवादी केन्द्र थाहानगरको बैठक

◆ विकास संवाददाता

सर्वोच्च अदालतले नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)को विघटन गरेपछि नेकपा (माओवादी केन्द्र) मकवापुरको पहिलोपटक बैठक बसेको छ ।

बैठकमा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवं बागमति प्रदेश अध्यक्ष नारायण दाहालको प्रमुख अतिथ्य तथा केन्द्रीय सदस्य एवं मकवानपुर जिल्ला इन्चार्ज कुमारी मोक्तानको बिशेष आतिथ्य रहेको थियो । मकवानपुर पार्टी अध्यक्ष प्रेमबहादुर पुलामी (छिन्तु)को अध्यक्षमा भएको बैठकले जिल्लाका १० वटै स्थानीय तह कमिटीको बैठकहरू चैत १९ गतेदेखी २८ गतेसम्म गर्ने निर्णय गरेको छ ।

जसअनुसार हेटौंडा उपमहानगर पालिकाको चैत १९ गते, राक्सिराङ गाउँपालिकाको चैत २० गते, बकैया गाउँपालिका, ईन्द्रसरोवर गाउँपालिका र मनहरी गाउँपालिकाको चैत २१ गते, मकवानपुरगढी गाउँपालिकाको चैत २३ गते, बागमती गाउँपालिकाको चैत २४ गते, भीमफेदी गाउँपालिकाको चैत २५ गते, कैलाश गाउँपालिकाको चैत २६ गते र थाहा नगरपालिकाको चैत २८ गते हुने भएको छ ।




त्यस्तै, जिल्लाको सबै वडामा पार्टीको बोर्डसहित कार्यालय स्थापना गर्ने निर्णय पनि गरेको जिल्ला नेता तथा प्रचार विभाग प्रमुख कमानसिं पाखिन (पृथक)ले बताए । उनका अनुसार पार्टीबाट निर्बाचित स्थानीय जनप्रतिनिधिहरूको भेला चैत २८ गते तोकिएको छ ।

साथै, पार्टीको जनबर्गीय मोर्चाहरूको चैत मसान्तसम्म बैठक बसी बैशाख मसान्तसम्ममा भेला, सम्मेलनहरू गर्ने निर्णय पनि भएको बताईएको छ ।

बैठकमा प्रदेश कमिटीका नेताहरू बिष्णु बिष्ट, ओम घलान, सर्केश घलान, बिरबहादुर घलान, ललित घलान लगायतको सहभागिता रहेको थियो ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७७ चैत्र १६ गते सोमबार, 29 March. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# सूचना ! सूचना !! सूचना !!!

दोस्रो पटक प्रकाशित मितिः २०७७/१२/१३

**थाहा नगरपालिका सामाजिक विकास समितिको निर्णयानुसार महिला उद्यमलाई विकास तथा विस्तार गर्नको लागि प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमका लागि देहायका शर्तहरुसहित १५ दिने सूचना दोस्रो पटकका लागि प्रकाशन गरिएको व्यहोरा सरोकारवाला हरुका लागि जानकारीका लागि अनुरोध छ ।**

**तपशिलः**

- घरेलु तथा उद्यमीहरुलाई प्राथमिकता दिइनेछ ।
- नगरपालिका/वडामा अनिवार्य व्यवशाय दर्ता भएको हुनुपर्नेछ ।
- यसभन्दा अघि कुनै सरकारी निकायबाट अनुदान प्राप्त नगरेकाहरुलाई विशेष अवसर प्रदान गरिनेछ ।
- समूहमा व्यवसाय गरेकाहरुलाई प्राथमिकता प्रदान गरिनेछ ।
- विपन्न दलित तथा एकल महिलालाई प्राथमिकता दिइनेछ ।
- प्रविधि हस्तान्तरण कार्यक्रमको अधित्तम रु. ५०,०००/- सम्मको अनुदान प्रदान गरिनेछ ।
- लाभग्राही छनोट तथा अनुदान रकम निर्धारण गर्ने प्रक्रिया सामाजिक विकास समितिमा निहित हुनेछ ।

**आवश्यक कागजातः**

- व्यवसाय दर्ताको प्रमाणपत्र ।
- हस्तलिखित निवेदन ।
- वडा कार्यालयको सिफारिस ।
- हालसम्म थाहा नगरपालिकाको व्यवसाय प्रवर्द्धन शीर्षकबाट अनुदान नलिएको तथा अन्य सरकारी कार्यालयबाट लिएको भए सोको विवरण ।
- ५० प्रतिशतसम्म लगत व्यहोर्ने प्रतिवद्धता ।
- व्यवसाय संचालन गरिरहेको स्थल देखिने फोटो सहितको माग गरेको प्रविधि यन्त्रको विवरण ।

थप जानकारीका लागिः सामाजिक विकास शाखा
सम्पर्क नं. ९८५५०७५३४१

**थाहा नगरपालिका**
**सामाजिक विकास शाखा**
**इन्द्रायणी चौर, मकवानपुर**

*स्थानीय खबरका लागिः*
www.thahatimes.com

# स्वास्थ्य संरचना पुरानै अवस्थामा फर्काइँदै

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले कोरोना भाइरसको संक्रमण पुनः बढ्ने सम्भावना देखिएसूगै आफ्नो पुरानो संरचनालाई पुनः सञ्चालन गर्ने भएको छ । बागमतीको १३ वटा जिल्लामा करिब सात हजार वटा आइसोलेसन, दुई सय २५ वटा एचडीयु, ५१ वटा भेन्टिलेटलाई पुनः सञ्चालनका लागि तयारी अवस्थामा राखिएको सामाजिक विकास मन्त्रालयका प्रवक्ता डा. पुरूषोत्तम सेढाईंले जानकारी दिए । उनका अनुसार प्रदेशका पाूच स्थानमा पीसीआर परीक्षणको व्यवस्था गरिएको छ ।

'पीसीआर परीक्षणका लागि आवश्यक किट्सहरू तयारी अवस्थामा राखेका छौं । परीक्षणको दायरा पनि फराकिलो बनाउने निर्णाय हामीले गरेका छौं ।', उनले पर्याप्त जनशक्ति र मेडिकलजन्य सामग्री आफूहरूसूग रहेको दाबी गरे । 'यसअघि नै कोरोना संक्रमणलाई नियन्त्रण गर्नका लागि बनाइएको संरचनालाई तत्काल सञ्चालन गर्ने पक्षमा हामी छौं । आवश्यकता अनुसार थपघट गरिनेछ ।', उनले सरकारले तोकेको स्वास्थ्य मापदण्ड पालना गर्न समेत सम्पूर्ण नागरिकहरूमा सार्वजनिक रूपमा आव्हान गरिसकेको बताए । उनका अनुसार कोरोना संक्रमण जोखिमको रोकथाम तथा नियन्त्रणका लागि सार्वजनिक यातायात क्षेत्रमा कडाइ गरिने भएको छ ।

यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, यातायात व्यवसायी र यातायात मजदुरहरूबीच भएको छलफलमा कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सार्वजनिक यातायात क्षेत्रलाई प्रदेश सरकारले कडाइ गर्न लागेको हो । सार्वजनिक यातायात क्षेत्रमा स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गराउने निर्णय समेत भएको उनले बताए । सार्वजनिक यातायात क्षेत्रमा शुक्रबारदेखि लागू हुनेगरी अनिवार्य मास्क लगाउने, सिट क्षमता अनुसार यात्रुहरू राख्ने, भौतिक दूरीलाई व्यवस्थित गर्ने र बसपार्कमा साबुन/पानीको व्यवस्था गरी हात धुने व्यवस्था गर्ने, माइकिङ गर्ने, जनचेतना फैलाउने र अनुगमनलाई प्रभावकारी बनाउने तयारी प्रदेश सरकार ले गरेको छ ।

'अनावश्यक रूपमा यात्रा नगर्न समेत हामीले आग्रह गरेका छौं ।', उनले थपे । कोरोना संक्रमणको दोस्रो लहर आउनसक्ने सम्भावना देखिएपछि मन्त्रालयले संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि विभिन्न निकायसंग छलफल गरि रहेको छ । 'हामी प्रदेशभर का सवै जिल्लासूग समन्वय गरिरहेका छौं । नियन्त्रणका लागि आवश्यक तयारीलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ।

अहिले हामी त्यसतर्फ केन्द्रित भएका छौं ।', उनले नजिकिूदै गरेको होलीलगायत विभिन्न पर्वहरू आफ्नो परिवारमा मनाउन र अत्यावश्यक कामबाहेक हूिडडुल नगर्न समेत आग्रह गरेका छन् । 'बजार क्षेत्रमा अनावश्यक भिडभाड समेत देखा परिर हेको छ । त्यसलाई कसरी कम गर्न सकिन्छ भनेर हामीले जिल्लागतरूपमा समन्वय गरिरहेका छौं ।', उनले भने ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं. १९९३/०३/१८

स्वर्गारोहणः
वि.सं. २०७७/११/२९

**स्वः बाबुलाल खड्का**

**मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नं. ३ डाँडागाउँ निवासी तथा यस थाहा खैजेडी भजन समूहका सदस्य बाबुलाल खड्काको असमायिक स्वर्गारोहण भएकोमा हामी स्तब्ध र मर्माहित भएका छौं, दुःखको यस घडिमा शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दै दिवंगत आत्माको चीर शान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।**

**अध्यक्ष**
**तथा**
***थाहा खैजेडी भजन समूह परिवार***
**थाहा नगरपालिका, मकवानपुर**







● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी